का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ असार २०८०,
बुधबार
21 June 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# 'अ'न्यायको राजनीति

तीन ठूला दलका बीचमा भएको सहमति अनुसार, कानून न्याय तथा मानव अधिकार समितिले उपसमिति गठन गरेको थियो। तर शीर्ष नेताहरुले विधेयकको विषयवस्तुमा रहेको विवाद कसरी समाधान गर्ने भन्ने निर्णय नदिएका कारण संसदीय उपसमिति छलफलका लागि छलफल गर्नमा केन्द्रित हुन पुगेको स्वयं समिति सदस्यहरुको गुनासो छ।



टीआरसीमा छलफल गर्न उपसमितिलाई अनुकुल समय मिलेन। तथापि, यसबीचमा जति पनि छलफल भएका छन् राम्रो र सकारात्मक छलफल भएका छन्।



● अधिराज राई
सचिव, कानून समिति



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ असार।

फास्ट ट्र्याकमा पास गर्ने भनिएको संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा फेरि बिलम्ब भएको छ। यो विधेयकमा सहमति जुटाउन गठित संसदीय उपसमितिले मुख्य विषयमा प्रवेश नै नगरी निर्धारित समय गुजारेको छ। यसकारण विधेयकमाथिको अन्योल फेरि लम्बिएको छ।

प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समितिले गत जेठ ५ गते 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक'माथि सहमति जुटाउन ११ सदस्यीय उपसमिति गठन गरेको थियो।

उपसमितिलाई काम सुरु गरेको २१ दिनभित्र विधेयकमा विवादित विषयमा सहमति जुटाएर प्रतिवेदन तयार पार्ने जिम्मेवारी दिइएको थियो। तर, निर्धारित समयभित्र उपसमिति विधेयकको प्रतिवेदनको मस्यौदा तयार गर्ने अवस्थासम्म पुग्नै सकेन।

उपसमितिको पहिलो बैठक जेठ ११ गते बसेको थियो। म्याद सकिने दिन जेठ ३१ गते बसेको उपसमितिको अन्तिम बैठकले म्याद थपका लागि आग्रह गर्ने निर्णय गरेको छ।

एकीकृत समाजवादीका सांसद तथा उपसमिति सदस्य शेरबहादुर कुँवर शीर्ष नेताको मार्गदर्शन नआएसम्म टीआरसी विधेयक अघि नबढ्ने बताउँछन्। उनी भन्छन्, 'ढिलो गर्न हुन्न भन्नेमा सबै सहमत छौं। तर शीर्ष नेताहरूको एउटा गाइडलाइन चाहियो।

शीर्ष नेताको मार्गदर्शन प्राप्त भएपछि संक्रमणकालीन न्याय सम्बन्धी बिधेयकमाथिको छलफलले गति लिने उनले बताए। 'उपसमितिको म्याद नै सकिएकाले मूल >>> पृष्ठ २ मा

## बझाङ दुर्घटना

## प्रदेशमन्त्रीसहित तीन जनाको निधन

**रुपक खड्का/मध्यान्ह**
बझाङ, ५ असार।

मंगलबार बझाङमा भएको सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय बझाङका अनुसार दुर्घटनामा परी मृत्यु हुनेमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री पृथ्वीबहादुर सिंह समेत छन्। उपचारका क्रममा मन्त्री सिंहको कोहलपुरस्थित नेपालगन्ज मेडिकल कलेजले मृत्यु भएको हो।

गम्भीर घाइते भएका सिंहलाई नेपाली सेनाको हेलिकप्टरमार्फत कोहलपुर लगिएको थियो। दुर्घटनामा परेका मन्त्री सिंहकी पत्नी अमृता सिंह र उनकी भाउजू जयादेवी सिंहको भने बझाङको केदारस्युँ गाउँपालिकामा रहेको देउरा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका क्रममा मृत्यु भएको छ।

दुर्घटनामा घाइते भएका मन्त्रीका पीएसओ सहायक प्रहरी हवल्दार दीपक भण्डारी र गाडी चालक घर्मराज जोशीको नेपालगन्ज मेडिकल कलेजमा उपचार भइरहेको छ। उनीहरूको अवस्था पनि गम्भीर रहेको अस्पतालले जनाएको छ। >>> पृष्ठ २ मा

**कर फछ्र्योट मुद्दा**

## तीन जनालाई ९/९ वर्ष कैद चार अर्ब बढी जरिवाना

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ असार।

आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशक चूडामणि शर्मासहित ३ जना कर फछ्र्योट मुद्दामा दोषी ठहर भएका छन्। विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै शर्मासहित आयोगका तत्कालीन अध्यक्ष लुम्बध्वज महत, सदस्य उमेशप्रसाद ढकालविरुद्ध सजाय निर्धारण गरेको हो। मंगलबार विशेष अदालतका अध्यक्ष न्यायाधीश श्रीकान्त पौडेल, सदस्य न्यायाधीशहरु यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले सजाय निर्धारण गरेको हो।



जसअनुसार महतलाई ९ वर्ष एक महिना तथा ढकाल र शर्मालाई ९/९ वर्ष कैद सुनाइएको छ। उनीहरुलाई चार अर्ब १० करोड ४६ लाख ९७ हजार ८९८ रूपैयाँ जरिवाना सुनाइएको छ। विशेषले शर्मालाई अकुत सम्पत्तिसम्बन्धी मुद्दामा सफाइ दिएको थियो भने कर फछ्र्योटमा दोषी ठहर गरेको हो।

उनीहरुले कर फछ्र्योट आयोगमार्फत् १० अर्ब २ करोड १७ लाख भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर भएको थियो। उनीहरुविरुद्ध २०७४ साउन १ गते राजस्व अपचलन गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अदालतमा मुद्दा दायर पछि उनीहरु जनही १/१ करोड धरौटीमा रिहा भएका थिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कुल १ हजार ६९ फाइलमध्ये पहिलो चरणमा ४५ फाइलमाथि अनुसन्धान टुंग्याउँदै मुद्दा दर्ता गरेको थियो। आयोगले शर्मा, कर फर्स्योट आयोगका अध्यक्ष महत र सदस्य ढकालसँग गुमेको राजस्व बिगोमार्फत् असुल हुनुपर्ने दाबी गरेको थियो।

अख्तियारको अनुसन्धानमा हिरासतमा रहँदा सर्वोच्चको आदेशले छुटेपछि शर्माले अदालत र अख्तियारलाई अटेर गर्दै आएका थिए। अख्तियारको अनुसन्धानको समयमा ढकाल र महत भने फरार थिए। विशेषमा मुद्दा दर्ता गर्दा समेत फरारै रहेका उनीहरुको ठेगानामा अदालतबाट मुद्दाको म्याद तामेली भएपछि अदालत उपस्थित भएका थिए। कर फछ्र्योट आयोगका अध्यक्ष महत, सदस्य ढकाल तथा >>> पृष्ठ २ मा

# अखण्ड भारतको नक्साबारे अध्ययनमा नेपाली दूतावास

नेपालको नक्साबारे सबै प्रष्ट रहेको र सर्वसम्मत रुपमा संविधान नै संशोधन गरेर अनुसूचीमा समावेश गरिसकेको भन्दै आफ्नै नक्सा विवादास्पद बनाइराख्न नपर्ने सरकारको धारणा छ।



हामी (परराष्ट्र मन्त्रालय)ले यस विषय (अखण्ड भारतको नक्सा)मा भारतीय पक्षसँग कुरा गरी प्रतिवेदन पठाउन नयाँदिल्लीस्थित नेपाली दूतावासलाई निर्देशन गरिसकेको स्पष्ट गर्न चाहन्छु।

● एनपी साउद
परराष्ट्रमन्त्री

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ५ असार।

भारतस्थित नेपाली दूतावासले भारतको संसद्मा राखिएको अखण्ड भारतको नक्साबारे अध्ययन थालेको छ। अध्ययनपश्चात प्रतिवेदन बनाएर दूतावासले नेपाल सरकारलाई परराष्ट्रमन्त्राल मार्फत प्रतिवेदन पठाउनेछ।

परराष्ट्रमन्त्री एनपी साउदले भारतको संसद्मा राखिएको अखण्ड भारत नक्साबारे प्रतिवेदन बनाएर पठाउन भारतस्थित नेपाली दूतावासलाई निर्देशन दिइएको जानकारी दिए। उनका अनुसार निर्देशन पाए लगत्तै दूतावासले अध्ययन शुरु गरेको हो।

भारतीय पक्षसँग पनि छलफल गरी वास्तविकता पत्ता लगाएर दूतावासलाई प्रतिवेदन पठाउन निर्देशन दिइएको मन्त्री साउदको भनाइ छ। भारतको नयाँ संसद भवनभित्र राखेको अखण्ड भारतसम्बन्धी नक्सामा लुम्बिनी, कपिलवस्तु लगायतका नेपाली भूभाग पनि समेटिएको छ।

मंगलबार प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा सांसदहरुले परराष्ट्रमन्त्री एनपी साउदलाई यसबारे किन नबोलेको भनेर प्रश्न गरेका थिए। जवाफमा मन्त्री साउदले यो म्युरलको क्याप्सनमा सम्राट अशोकको समयमा उनको साम्राज्यको फैलावट जनाइएको भनेर लेखिएको र यो राजनीतिक विषय नरहेको भनेर आधिकारिक रुपमा भारतीय विदेशमन्त्री स्वयंले बताए। यस विषयमा थप बुझ्न भारतस्थित नेपाली दूतावासलाई निर्देश गरिएको उनले जानकारी दिए। मन्त्री साउदले भनेका छन्, 'हामीले यस विषयमा भारतीय पक्षसँग कुरा गरी प्रतिवेदन पठाउनु हुन नयाँदिल्लीस्थित नेपाली दूतावासलाई निर्देशन गरिसकेको यो समितिलाई स्पष्ट गर्न चाहन्छु।'

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा मन्त्री साउदले यो नक्साबारे >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विभागले म्यानपावर कम्पनीहरुलाई अटोमेशन तालिम दिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असार

आगामी आर्थिक वर्षको प्रारम्भ अर्थात साउन १ गतेदेखि स्वचालित प्रणाली (अटोमेसन)मार्फत पूर्व र अन्तिम श्रम स्वीकृति दिने तयारीमा रहेको वैदेशिक रोजगार विभागले त्यसका लागि तीनदिने प्रशिक्षण सञ्चालन गर्ने भएको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँगको सहयोगमा असार १३ देखि १५ गतेसम्म काठमाडौंमा अटोमेसन सञ्चालन सम्बन्धमा विज्ञबाट व्यवसायीलाई प्रशिक्षण दिने तयारी भएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए।

उनका अनुसार प्रशिक्षणमा म्यानपावर कम्पनीका एक जना सञ्चालक तथा दुई जना कर्मचारीलाई सहभागी गराइने तयारी छ। प्रशिक्षण अनुपम फुडल्याण्डमा हुने बताइएको छ।

म्यानपावरहरूले आफ्नै कार्यालयमा बसेर वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीबाट अनलाइन आवेदन गरेपछि स्वत: श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्ने निर्णय भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसअघि पटक-पटक बताइसकेको छ।

विभागले श्रम स्वीकृतिको सबै अधिकार व्यवसायीलाई दिने र गलत गरेमा लाइसेन्स खारेजीसम्मको कारबाही गर्ने बताएको छ। त्यसैले प्रशिक्षण महत्वपूर्ण भएको भन्दै महासचिव भुर्तेलले सबै व्यवसायीले हेलचेक्राई नगरी प्रशिक्षणमा सहभागी हुनु आवश्यक रहेको बताए। प्रशिक्षणमा कर, कानूनलगायतका विषयमा पनि जानकारी गराइने महासचिव भुर्तेलले बताए।अटोमेसन प्रणाली कार्यान्वयनमा आएपछि पूर्व र अन्तिम श्रम स्वीकृतिका लागि फाइल बोकेर म्यानपावर कम्पनीका सञ्चालक वैदेशिक रोजगार कार्यालयहरूमा जानुनपर्ने विभागको भनाइ छ। >>> पृष्ठ २ मा

### कतारमा नक्कली कम्पनीबाट भिसा बेच्ने नौ जना पक्राउ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ५ असार

कतारमा नक्कली कम्पनी खोलेर भिसाको व्यापार गर्ने नौ जना पक्राउ परेका छन्। विभिन्न प्रलोभन देखाएर फरक-फरक मुलुकका नागरिकलाई ठगी गर्दै भिसा बेच्ने कार्यमा संलग्न रहेको अभियोगमा अरब र एसियाली मुलुकका ९ आप्रवासीलाई पक्राउ गरिएको आन्तरिक मन्त्रालयले जनाएको छ।

अपराध अनुसन्धान विभागका अधिकारीहरूले दर्ता नै नभएका कम्पनी खोलेर उनीहरूले भिसा बेच्ने गरेको खुल्न आएको बताएका छन्। उनीहरूको साथबाट कम्पनीको स्ट्याम्प, कागजपत्र र क्रेडिट कार्डसमेत जफत गरिएको छ। अभियुक्तहरूलाई थप कानूनी प्रक्रियाका लागि हिरासतमा राखिएको छ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस मध्यान्ह मिडिया प्रा.लि. मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८० असार १५ गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह मिडिया प्रा.लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
कमलपोखरी, काठमाडौं। फोन नं.: 01-5328298, 5326366
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com

**विज्ञापन रकम भुक्तानीबार अत्यन्त जरूरी सूचना**

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८० असार १५ गते** भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिकको रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
मध्यान्ह
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं। फोन नं.: 01-5328298, 5326366
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ असार २०८०, बुधबार
21 June 2023, Wednesday

# राष्ट्रपति पौडेलको छातीमा राखियो पेसमेकर



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलको छातीको शल्यक्रिया गरिएको छ। मुटुको चालमा समस्या आएपछि पौडेलको छातीको शल्यक्रिया गरेर पेसमेकर राखिएको हो। पेसमेकर छातीमा मुटुमाथि राखिने सानो यन्त्र हो।

मनमोहन कार्डियोथेरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा राष्ट्रपति पौडेलको छातीको शल्यक्रिया गरिएको हो। अहिले उनको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ। राष्ट्रपति पौडेल शीतल निवासमै गत शनिबार राति २ बजे बेहोस भएपछि महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल पुऱ्याइएको थियो। मंगलबार मध्यान्ह १२ बजेदेखि २ बजेसम्म पौडेलको मुटुको शल्यक्रिया भएको हो। त्यहाँ जाँच गर्दा मुटुको चाल कम पाइएपछि पौडेललाई तत्कालै मनमोहन सेन्टरको सीसीयूमा राखेर उपचार थालिएको थियो।

उनको मुटुको चाल कम भएकाले अस्पतालले केही दिनसम्म निगरानीमा राखेर मनिटरिङ गरिरहेको थियो। तर सुधार नभएपछि शल्यक्रिया गरेर पेसमेकर राखिएको अस्पतालले जनाएको छ। यो यन्त्रले मुटुको धड्कनलाई प्रतिमिनेट तोकिएको मात्रामा धड्कन सहयोग गर्ने चिकित्सकहरुले बताएका छन्। पेसमेकर राखेपछि सामान्यतः यो १० वर्ष चल्छ। त्यसपछि ब्याट्री फेर्नुपर्ने हुन्छ। पौडेललाई गत मंगलबार छातिको बीचमा असहज भएपछि बाँसबारीस्थित सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र पुऱ्याइएको थियो। त्यतिबेला उनको मुटुको दाहिनेतर्फको नसामा बोसो जमेर रक्तसञ्चार रोकिएको थियो। गंगालालमा एन्जिओप्लास्टी गरेर मुटुको नसा खुलाइएको उपचारमा संलग्न चिकित्सकहरुले जानकारी दिएका थिए।

# बदलिँदो परिवेशअनुसार सेवा प्रवाह अगाडि बढाउनुपर्छ : मन्त्री मोदी



**काठमाडौं/मस–** संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले बदलिँदो परिवेशअनुसार सेवा प्रवाहलाई अगाडि बढाउनुपर्ने बताएका छन्।

मन्त्रालयद्वारा आयोजित 'कर्मचारीको नवीन सोच प्रस्तुतीका लागि प्रतिभा डबली' कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'नवीनतम सोच र प्रयोगबाट सेवा प्रवाहलाई सरलीकृत बनाउनुपर्ने आजको आवश्यकतालाई निजामती प्रशासनले अंगीकार गर्न जरुरी छ।'

यस्तै उनले देश बनाउन सबैको हातेमालो चाहिने पनि बताए। उनले भने, 'कोही एक्लैले यो देश बनाउन सक्दैन, देश बनाउन सबैको हातेमालो चाहिन्छ।' मन्त्री मोदीले नवीनतम सोचका साथ आफूले मन्त्रालयको नेतृत्व सम्हालेकाले नयाँ ढंगबाट कर्मचारी प्रशासनलाई अगाडि बढाउनेगरी कार्ययोजना निर्माण भइरहेको बताए।

सुशासनका पक्षमा दूरगामी निर्णयहरु भएको औल्याउँदै मन्त्री मोदीले संघीय निजामती ऐनका सबै काम सकेर सहमतिका लागि अर्थ र कानुन मन्त्रालयमा पठाएको, निमित्त हटाउने अभियान तीव्रताका साथ अगाडि बढाएको, नियमित बढुवा र लोकसेवाबाट आएका शाखा अधिकृत र उपसचिवलाई स्थानीय तहमा खटाएको, सबै मन्त्रालयका अतिरिक्त कर्मचारीको विवरण मागेको र खटाएको ठाउँमा नजाने कर्मचारीलाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया अगाडि बढाई खटाएको ठाउँमा हाजिर गराएको समेत उल्लेख गरे।

समयमा सेवा प्रवाह नपाउँदा नागरिकमा गुनासो बढिरहेकाले नागरिकलाई सहज र सरल ढंगबाट सेवा प्रवाह दिने सन्दर्भमा ध्यान दिन आवश्यक रहेको समेत मन्त्री मोदीको भनाइ छ।

प्रतिभा डबलीमा प्रस्तुत भएका उत्कृष्ट १० प्रतिष्पर्धीहरुको क्षमता र नवीनताको सोचको प्रशंसा गर्दै मन्त्री मोदीले भने, 'विभिन्न प्रतिभाहरुको खोजी गरेर निजामती प्रशासन सेवालाई सुधार गर्न प्रस्तुत गर्नुभएको नवीनतम सोचको म प्रशंसा गर्न चाहन्छु, तपाईहरुको यो नवीन सोचले कर्मचारी प्रशासनको सुधार र मुलुकको विकासमा टेवा पुर्याउनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु।'

नवीन सोचको कार्यान्वयन नभएसम्म मुलुकले सही दिशा समात्न नसक्ने समेत मन्त्री मोदीले बताए। उनले भने, 'सम्माननीय प्रधानमन्त्री सुशासन कायम गर्नका लागि भ्रष्टचारको विरुद्धमा लागिरहनुभएको छ। यो अभियानको हामी सहयात्री बन्न आवश्यक छ।'

**उत्कृष्ट १० बाट छानिए ३ उत्कृष्ट**

कर्मचारीको नवीन सोच प्रस्तुतीअन्तर्गत प्रतिभा डबलीमा छानिएका उत्कृष्ट १० मध्ये ३ जना उत्कृष्ट प्रतिभा छानिएका छन्।

उत्कृष्ट १० जनाले दिएको अन्तिम प्रस्तुतीका आधारमा उत्कृष्ट ३ छानिएका हुन्। जसअनुसार स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा थ्रिडी मोडलको प्रस्ताव गर्ने मोहराज पौडेल प्रथम, डिजिटल प्रविधिबाट स्थान पत्ता लगाउने इनोभोसन प्रस्ताव गर्ने रामदत्त भट्ट द्धितिय र सरकारी सेवा ट्र्याकिङ प्रणालीमा इनोभोसन गर्न प्रस्ताव गर्ने रविचन्द्र पौडेल तृतीय बनेका छन्।

# त्रिपुरासुन्दरीको सार्वजनिक सुनुवाइः नागरिकको गुनासै गुनासो

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, ५ असार



हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको दोस्रो सार्वजनिक सुनुवाइ सम्पन्न भएको छ। नगरपालिकाको आयोजनामा त्रिपुराकोट बगरमा सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो। कार्यक्रममा नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरिएको थियो।

त्रिपुरासुन्दरी नगरपालिकाका प्रमुख जनचन्द्र रोकायाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख श्याम रोकाय प्रमुख अतिथि रहेका थिए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भुमिश्वर पोखरेल, कर्णाली प्रदेशको निवर्तमान समानुपातिक संसद बदमी कुमारी बोहोरा, नागरिक समाज डोल्पाका अध्यक्ष शेर बहादुर बुढा, नेकपा एस डोल्पाका अध्यक्ष छक्क धराला, जिल्ला स्थित सञ्चारकर्मी, नगरपालिकाका कर्मचारीसहित स्थानीयको उपस्थित रहेको थियो।

कार्यक्रममा नेपाली कांग्रेस डोल्पाका नेता गौरीशंकर उपाध्यायले सार्वजानिक सुनुवाई हुनुभन्दा एकसाता अगाडिनै बजेटसहितको कार्यक्रम दिएर मात्र सवाल जवाफ गर्नुपर्ने बताए। नगरपालिकाले सम्पादन गरेका सम्पूर्ण गतिविधिहरु नसमेटेरै कार्यक्रम गरेको भन्दै उनले कर्मकाण्डी सुनुवाई भन्दै आलोचना समेत गरे।

कर्णाली प्रदेशका निवर्तमान सांसद बद्मीकुमारी बोहोराले नगरको सय रुपैयाँको पनि हरहिसाब जनताले राख्न पाउने अधिकार रहेको बताइन्।

जनप्रतिनिधि र कर्मचारी नङ र मासुको सम्बन्ध भएकाले मिलेर अगाडी बड्नुपर्ने तथा नगर समृद्धिका लागि सबै हातेमालो गरेर अगाडि बढ्नुपर्ने उनले बताइन्।

एकीकृत समाजवादी डोल्पाका अध्यक्ष छक्क बहादुर धरालाले सवाल जायज आएपनि कर्मचारीबाट जवाफ चित्त बुझ्दो नआएको गुनासो पोखे।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य काली चलाउनेले नगरपालिकालाई विकासमुखी, व्यवस्थित र पारदर्शी बनाउने कर्तव्य सबै सरोकारवालाको भएको बताइन्।

प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख श्याम बहादुर रोकायले जनप्रतिनिधि र कर्मचारीले रकम मागेको कुरा,विकास योजनामा अनियमितता भएको कुरा आए सार्वजनिक सुनुवाइ जस्तो हुने बताए। अबका दिनमा त्रिपुरासुन्दरी नगरपालिकाले प्रत्येक वडामा सार्वजानिक सुनुवाइ कार्यक्रम गरे थप प्रभाकारी हुने रोकायले बताए।

प्रमुख जिल्ला अधिकारी पोखेलले सार्वजनिक सुनुवाइ वास्तवमै सार्वजनिक सुनुवाइ जस्तो हुनुपर्ने बताए। आम सरोकारको विषयमा सार्वजनिक सुनुवाइ हुँदै गर्दा पनि सर्वसाधारणको उपस्थिति न्यून हुन दुखत कुरा भएको उनको भनाइ छ।

वडा नं ३ का अध्यक्ष रञ्जित बुढाले कार्यपालिकामा विषयगत छलफल नभएरै सार्वजानिक सुनुवाइ भएको र वडाध्यक्षहरुलाई कुनै जानकारी नभएको बताए।

त्यसैगरी नगरपालिकामा सार्वजनिक सुनुवाइ गर्दै गर्दा गाउँ-गाउँमा योजना लथालिंग भएको बताए। कार्यक्रमका अध्यक्ष तथा नगरप्रमुख जनचन्द्र रोकायले आफु नगरको समृद्धि र विकासका लागि अहोरात्र खटिरहेको बताए।

नगरपालिकाको समग्र विकास आफु लगायत सम्पूर्ण जनप्रतिनिधि कर्मचारीको काँधमा मात्र नभइ राजनीतिक दल, पत्रकार,सरोकारवाला निकाय सबैको साथ सहयोग हुनुपर्ने बताए।

प्रमुख प्रशासकीय अधिकृत जगदिशचन्द्र नेपालीले सुनुवाइका क्रममा उठेका सवालको जवाफ दिँदै नगर समृद्धिका लागि सबैले हातेमालो गर्नुपर्ने बताए।

कार्यक्रममा स्वास्थ्य, कृषि, पशु, महिला तथा बालबालिका लगायतका विषयगत शाखाहरुले आफ्ना वार्षिक कार्यक्रमहरु गुपचुपमा भएको भन्दै आलोचना समेत भएको थियो।

आगामी दिन यस्ता कार्यक्रमहरु पारदर्शी हिसाबमा गाउँ-गाउँमा पुगेर सरोकारवालाको उपस्थितिमा मात्र सम्पन्न हुनुपर्ने स्थानीयले सुझाव दिएका छन्।

# चट्याङ लागेर मृत्यु

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ५ असार



पश्चिम नवलपरासीको रामग्राम नगरपालिकामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही नगरपालिका वडा न. १० नदुवा का ४० वर्षीय बिनोद कहार रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए।

आफ्नै खेतमा काम गर्ने क्रममा अचानक चट्याङ लागेर कहार घाइते भएका थिए। कहारलाई उपचारको लागि भैरहवा सि.टी. अस्पताल रुपन्देही लगिएको थियो। तर डाक्टरले मृत घोषणा गरेका थिए। मृतक कहार पाल्पा पूर्व खोला गाउँपालिका वडा नं.५ वीरकोटस्थित वीरकोट आयुर्वेदिक औषधालयमा कविराज निरीक्षक (अधिकृत छैटौ तह) पदमा कार्यरत थिए। शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल पृथ्वीचन्द्र अस्पतालमा राखिएको छ।

## 'अन्याय...

समितिको बैठक बसेर म्याद थप्ने कुरा छ। यसबीचमा शीर्ष नेताहरूको गाइडलाइन पनि आयो भने यो रफ्तारमा अघि बढ्छ', कुँवरले भने।

यसअघि संसदीय समितिमा विधेयकमाथि छलफल अगाडि बढाउँदै गर्ने र शीर्ष तहमा पनि छलफल गर्ने सहमति भए अनुसार शीर्ष नेताहरुबीच छलफल हुन सकेन।

कानुन न्याय तथा मानव अधिकार समितिका सचिव अधिराज राई उपसमितिमा टीआरसी विधेयबारे सकारात्मक छलफल भएको बताउँछन्। 'टीआरसीमा छलफल गर्न उपसमितिलाई अनुकुल समय मिलेन। तथापि, यसबीचमा जति पनि छलफल भएका छन् राम्रो र सकारात्मक छलफल भएका छन्', उनले भने।

समिति सचिवालयका अनुसार यसबीचमा उपसमितिका ७ वटा बैठक बसे। दुई वटा बैठक संशोधनकर्ता सांसदहरुसँग छलफलमा केन्द्रित थियो। बाँकी पाँच वटा बैठकमा सरोकारवाला र विज्ञहरुसित समितिले छलफल गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगका अधिकारीहरु, कानुनविदहरु, सुरक्षाकर्मीका परिवार लगायतसँग छलफल गरेको उपसमितिले अझै सरोकारवालाहरुसँग छलफल गर्नुपर्ने भनेको छ।

जेठ ५ गते उपसमिति गठन गर्नु अगाडिको छलफलमा नेपाली कांग्रेसका प्रमुख सचेतक समेत रहेका समिति सदस्य रमेश लेखकले टीआरसीमा सहमति जुटाउन सात दिनको समय पुग्ने बताएका थिए। उनले सात दिनको समय दिएर उपसमिति गठन गर्ने प्रस्ताव राखेका थिए। अन्यथा १५ दिनसम्म उपसमितिलाई समय दिन सकिने उनको प्रस्ताव थियो।

एमालेका संसदीय दलका उपनेता समेत रहेका समिति सदस्य सुवासचन्द्र नेम्वाङले उपसमितिलाई पर्याप्त छलफलका लागि समय दिनुपर्ने त्यसको नाममा लम्ब्याउन नहुने धारणा राखेका थिए। त्यसका लागि तीन साताको समय दिनु उपयुक्त हुने उनको राय थियो।

नेम्वाङले प्रस्ताव गरेपछि समितिले उपसमितिलाई २१ दिनको समय दिएको थियो। 'जुन स्पिरिटमा उपसमिति गठन भएको थियो। त्यस स्पिरिटमा टिआरसीमा छलफल हुन सकेन' उपसमितिका एक सदस्यले भने, 'जुन दिन शीर्ष तहबाट शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्डबाट निर्णय वा सहमति आउँछ। त्यसैदिन टीआरसीमा समितिले सहमति जुटाउँछ। अन्यथा छलफल चलिरहन्छ।'

शीर्ष नेताहरुका बीचमा भएको सहमति अनुसार नै कानुन न्याय तथा मानव अधिकार समितिले उपसमिति गठन गरेको थियो। तर, शीर्ष नेताहरुले विधेयकको विषयवस्तुमा रहेको विवाद कसरी समाधान गर्ने भन्ने निर्णय नदिएका कारण संसदीय उपसमिति छलफलका लागि छलफल गर्नेमा केन्द्रित हुन पुगेको स्वयं समिति सदस्यहरुको गुनासो छ।

११ सदस्यीय उपसमितिमा कांग्रेसबाट रमेश लेखक, जीवन परियार, सुशीला थिङ, एमालेबाट सुवासचन्द्र नेम्वाङ र महेश बर्तौला छन्। माओवादी केन्द्रबाट पूर्णबहादुर घर्ती, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सन्तोष परियार, राप्रपाबाट ध्रुवबहादुर प्रधान, जनता समाजवादी पार्टी (जसपा)बाट रञ्जुकुमारी झा, जनमत पार्टीबाट गोमा लाभ सापकोटा र नेकपा एकीकृत समाजवादीबाट शेरबहादुर कुँवर सदस्य छन्।

संक्रमणकालीन न्याय सम्बन्धी विधेयक सरकारले २५ फागुन २०७९ मा प्रतिनिधिसभामा दर्ता गरेको थियो। संसदीय विषयगत समितिमा नलगेर सिधै प्रतिनिधिसभा बैठकबाट पास गर्ने सरकारको प्रयास सफल हुन नसकेपछि यो विधेयक दफावार छलफलका लागि विषयगत समितिमा लगिएको थियो। विषयगत समितिमा लगिए पनि फास्ट ट्र्याकमा पारित गर्ने शीर्ष तहका बीचमा छलफल भएको थियो।

## अखण्ड...

आफूलाई थाहा नभएको भनेर प्रतिक्रिया दिएको विषयमा पनि विवाद भएको थियो। यस्तो नक्सा कुन-कुन ठाउँमा राखेको हो ? किन राखेको हो ? भनेर भारतले नबोलेको र दिल्लीस्थित नेपाली दूतावासले पनि अध्ययन नगरिसकेको अवस्थामा पूर्ण जानकारी नभई प्रतिक्रिया दिनु परिपक्क हुने परराष्ट्रमन्त्री साउदले बताए। उनले अघि भने, 'दुई देशको संवेदनशील सम्बन्ध, त्यसमा पनि एउटा देशको प्रधानमन्त्रीको भ्रमणको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्रीले भ्रमण र दुई देशको सम्बन्धमा पूर्ण जानकारी नलिई प्रतिक्रिया दिनु परिपक्क हुन्न भनेको मात्र हुँ।'

नेपालको नक्साबारे सबै प्रष्ट रहेको र सर्वसम्मत रुपमा संविधान नै संशोधन गरेर अनुसूचीमा समावेश गरिसकेको भन्दै उनले आफ्नै नक्सा विवादास्पद बनाइराख्न र नक्साबारे धारणा के हो भनेर सोधिराख्नु नपर्ने समेत उनले बताए।

मन्त्री साउदले ईपीजीको प्रतिवेदनमा के लेखिएको छ भन्नेबारे नेपाल सरकारलाई जानकारी नभएको पनि बताएका छन्। ईपीजीको प्रतिवेदन नेपाल सरकारले अधिकारिक रुपमा बुझेर अध्ययन नगरेको उनको भनाइ थियो।

## प्रदेशमन्त्रीसहित...

सुदूरपश्चिम सरकारका मन्त्री सिंह चढेको सुपप्र ०१००१ भ० ४८० नम्बरको गाडी डडेलधुराबाट चैनपुर सवारी गर्नेक्रममा मंगलबार दिउँसो दुई बजेतिर केदारस्युँ गाउँपालिकाको धारछडानजिकै दुर्घटना भएको थियो। गाडी सडकबाट अन्दाजी ५० मिटर तल कालंगा खोला किनार बजुवा बगरमा खसेको थियो। मन्त्री सिंह गत चुनाव बझाङ प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ बाट कांग्रेसबाट निर्वाचित भएका थिए।

## तीन....

सदस्य सचिव शर्माले ९ अर्ब ५४ करोड ६१ लाख रुपैयाँमा सम्झौता गरी ३० अर्ब ५२ करोड ५८ लाख रुपैयाँ राजस्व मिनाहा गराएका थिए। सोही विषयमाथि अनुसन्धान गर्दै अख्तियारले १८ जेठमा आन्तरिक राजस्व विभागका महानिर्देशक शर्मालाई कार्यालयबाट पक्राउ गरेको थियो।

पक्राउ परेपछि पनि शर्माले अधिकांश समय नर्भिक अस्पतालमा बसेर हिरासत समय ब्यतित गरेका थिए। कांग्रेस नेता रामशरण महत अर्थमन्त्री हुँदा कर फछ्र्योट आयोग गठन गरिएको थियो।

## विभागले...

उक्त प्रणालीबाट काम शुरू भए श्रम स्वीकृतिका लागि आएका आवेदनको विवरण प्रमाणीकरण र अनुगमनको काम पनि अधिकृत तहका कर्मचारीहरूले मात्रै गर्ने विभागले बताएको छ।

# सरोकारवाला र स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतनसम्बन्धी तालिम

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, ५ असार



जुम्लामा सुरक्षित गर्भपतन सम्बन्धी सरोकारवाला र स्वास्थ्यकर्मीलाई तालिम दिइएको छ। जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको आयोजनामा गर्भपतनका मूल्य, मान्यता तथा व्यवहार रुपान्तरण सम्बन्धी सरोकारवाला र स्वास्थ्यकर्मीहरुलाई तालिम दिइएको हो।

कानूनमा टेकेर कस्तो अवस्थामा गर्भपतन गर्ने, अरुको विचार र भावनालाई आत्मसाथ गरेर कसरी सेवा प्रदान गर्ने र गोपनियता कायम कसरी गर्भपतन गर्ने सम्बन्धी तालिम दिइएको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ।

तालिमको समापन कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति जुम्लाका उपप्रमुख जनक थकालीले सुरक्षित गर्भपतन गर्न आउने व्यक्तिको स्वास्थ्य अवस्था विद्यालय, समाज, घरपरिवार र सम्बन्धित सरोकारवाला निकायहरुलाई गर्भपतन सम्बन्धी ज्ञान र सचेतना फैलाउन आवश्यक रहेको बताए।

जनस्वास्थ्य कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सोमाईले देशमा अहिले पनि ७ प्रतिशत महिलाको गर्भपतनकै कारणले मृत्यु हुने गरेको बताए।

यस्तो सेवा प्रदायक तालिम प्राप्त व्यक्ति र सूचीकृत संस्थाहरुले आफ्नो मूल्यमान्यतालाई कदर गर्दै अरुको पनि मूल्यमान्यतालाई पनि सम्मान गनुपर्नेमा जोड दिए। गर्भपतनका खतराको अवस्था के हो ?, कस्तो अवस्थामा गर्भपतन गर्न सकिन्छ ?, गर्भपतनबाट हुने सकारात्मक तथा नकारात्मक अवस्थाको बारेमा जनचेतना फैलाउन सबैलाई आग्रह गरे। उनले जुम्लाका सबै स्थानीय तहका स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भपतन गर्न अनुरोध गरे। त्यस्तै चन्दनानाथ नगरपालिकाका वडा नम्बर २ का वडा अध्यक्ष हिम बुढ्थापाले स्वास्थ्यकर्मीहरुले अरुलाई खुसी बनाउनको लागि सेवा प्रदान गनुपर्ने बताए। उनले तालिमबाट सिकेका ज्ञान र सिपहरुलाई व्यवहारमा लाग्नुपर्नेमा जोड दिए। सहभागि स्वास्थ्यकर्मी रामुदेखि गौतमले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्वास्थ्य, प्रजनन्, परिवार नियोजन र गर्भपतन सम्बन्धिको शिक्षा दिन जरुरी भएको बताइन्।

यस्ता तालिमहरुको सहायताले आफुहरुलाई काम गर्न सहज हुने उनले बताइन्। तालिममा सिकेका ज्ञान र सीपहरुलाई व्यवसायमा कार्यान्वय गर्ने प्रतिबद्धता जनाएकी छन्। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लमा सोमबारबाट शुरु भएको उक्त तालिम मंगलबार समापन भएको छ।

# अतिरिक्त शुल्क असुली नरोके कारबाही गर्ने विभागको चेतावनी

**काठमाडौं/मस–** सूचना तथा प्रसारण विभागले टेलिभिजन कार्यक्रम वितरण संस्थालाई अतिरिक्त शुल्क उठाउने कार्य तत्काल बन्द गर्न निर्देशन दिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यसअघि गत चैत २४ गते सूचना जारी गर्दै अतिरिक्त शुल्क उठाउने कार्य तत्काल बन्द गर्न अनुरोध गरेको थियो।

केही वितरक संस्थाले इन्टरनेट र टेलिभिजन वितरणको शुल्क छुट्याउने नाममा थप शुल्क उठाइरहेको गुनासो गरेको भन्दै विभागले त्यस्तो कार्य तत्काल बन्द गर्न निर्देशन दिएको हो।

विभागले अतिरिक्त शुल्क उठाउने कार्य तत्काल बन्द नगरे प्रचलित कानूनबमोजिम कारवाही गरिने चेतावनी समेत दिएको छ।

सूचनामा भनिएको छ, 'सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत चैत २४ गतेको सूचनामा उपभोक्ताले 'टेलिभिजन प्रसारणबापत मासिक रुपमा अधिकतम रु.५०० भुक्तानी गर्नुपर्दा तथा इन्टरनेट सेवाबापत दूरसञ्चार ऐन, २०५३ बमोजिम शुल्क भुक्तानी गर्नुपर्दा हाल तिर्नु परिरहेको संयुक्त शुल्कभन्दा बढी हुन नहुने' भनी स्पष्ट गरी अतिरिक्त शुल्क उठाउने कार्य तत्काल बन्द गर्न अन्यथा प्रचलित कानूनबमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।'

विभागले टेलिभिजन कार्यक्रम वितरण गर्ने संस्थाको सेवा प्रणालीवापत उपभोक्तालाई पर्ने व्ययभार कम गर्ने उद्देश्यले आलाकार्ट मूल्य निर्णय गरी सबै वितरण संस्थालाई सो प्रणाली लागू गर्न केही समयअघि गराएको जानकारीको समेत स्मरण गराएको छ।

सो प्रणाली लागू गर्न आवश्यक पर्ने बुके र टेलिभिजन च्यानलको छुट्टाछुट्टै मूल्यसहित बुकेको मूल्य प्रस्ताव गर्न सूचना तथा प्रसारण विभागले सबै वितरण संस्थालाई पत्राचार गरिसकेको छ। तर त्यस्तो मूल्य हालसम्म प्राप्त नभएकाले मन्त्रालयबाट यस्तो बुकेको मूल्य निर्धारण भइनसकेको समेत विभागले स्पष्ट पारेको छ।

# सुरक्षित गर्भपतन : सेवा छ, छैन सचेतना

**सुनिल कार्की/मध्यान्ह**
पाल्पा, ५ असार

सुरक्षित गर्भपतन सेवालाई सहज बनाउन सरकारको लगानी सन्तोषजनक नै मान्न सकिन्छ । तर उपलब्ध सेवालाई सेवाग्राहीसम्म पुऱ्याउन सरकारले गरेको लगानी भने ज्यादै न्यून देखिन्छ । सेवा उपलब्ध गराएपछि त्यसको पुहँचमा सेवाग्राही नागरिकको दायरा फराकिलो बनाउनु सेवाप्रदायकको दायित्व पनि हो। तर लुम्बिनी प्रदेशको पहाडी जिल्ला पाल्पामा भने सुरक्षित गर्भपतन सेवा सूचीकृत स्वास्थ्यको बारेमा नागरिक अनभिज्ञ अथवा बेखबर नै रहेको गुनासो आउने गरेको छ ।

सेवा प्रवाहबारे आवश्यक जानकारी लिन अझै पनि सेवा प्रदायक कार्यालय नै पुग्नुपर्ने बाध्यता रहेको तानसेन नगरपालिका वडा नं १० की २४ वर्षीया मोनिक रायमाझीले दुखेसो पोखिन् । आफूलाई गत पुष महिनामा सुरक्षित गर्भपतन सेवा लिन परेको तर सेवा कहाँ लिन पाइन्छ भन्ने जानकारी नहुँदा धेरै ठाउँमा सोधीखोजी गरी धाउन परेको रायमाझी बताउँछिन् । स्थानीय पत्रपत्रिका, रेडियो, अनलाइन मिडियामा सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारीदेखि नागरिक बडापत्र नभएका कारण धेरै ठाउँमा सोधीखोजी गर्दा गोपनीयत नै भंग हुने अवस्था सिर्जना भएको उनको भनाइ छ ।

यसैगरी पूर्वी पाल्पाको रामपुरा नगरपालिका ४ बेझाडका प्रकाश ज्ञवालीले पनि उस्तै समस्या भोग्नु पऱ्यो । पहिलो सन्तानको रुपमा ७ वर्षकी छोरी रहेको ज्ञवाली दम्पतीलाई अहिले तत्काल दोस्रो सन्तानको रहर नहुँदा नहुँदै गर्भ बस्न गयो । श्रीमानले अझै केही समय बुढा बुवाआमाको स्याहारसुसार गर्नुपर्ने भएकाले गर्भ राख्ने पक्षमा श्रीमती नरहेको तर सुरक्षित परिवार नियोजनको साधन प्रयोग गर्दा गर्दै गर्भ बस्न गई सो गर्भ नराख्ने ज्ञवाली दम्पतीको घर सल्लाहा अनुरुप गर्भपतनको प्रयास गर्दा सुरक्षित गर्भपतन गराउने सूचीकृत स्वास्थ्य संस्था खोज्नै हप्ता १० दिन लागेको बाध्यता उनीहरुले भोग्नु पऱ्यो । 'जो पाए उसैलाई सोध्न डर लाग्यो, विश्वास पत्रको खोजी गरेर थाहा पाउन समय लाग्यो,' ज्ञवालीले भने ।

पाल्पामा सुरक्षित गर्भपतन सेवा दिने सूचीकृत सरकारी र गैरसरकारी स्वास्थ्य संस्था करिब १८ वटा रहेका छन् । तर यीमध्ये अधिकांश सूचीकृत स्वास्थ्य संस्थाले आफूले दिने सुरक्षित गर्भपतन सेवाबारे कमै मात्र जानकारी दिने गरेका छन् । यी संस्थाले स्थानीय सञ्चारमाध्यम रेडियो,



टेलिभिजन, पत्रपत्रिकादेखि पर्जा पम्प्लेट र सार्वजनिक ठाउँमा सेवाको जानकारी समेटिएको होडिङ बोर्ड राख्नुपर्ने हो । तर सेवाको प्रचारप्रसारमा ध्यान नदिइएको स्वयम् सेवा प्रदायक निकाय स्वीकार गर्छन् । सुरक्षित गर्भपतन सेवा पहिलेदेखि नै दिँदै आएको हुनाले सेवको बारेमा थप प्रचार नगरिएको जिल्ला अस्पताल पाल्पाका निमित्त मेडिकल सुपरीटेन्डेन्ट विवेक भण्डारीले बताए । सरकारी स्वास्थ्य संस्थामा गर्भपतन सेवाप्रति नागरिकको विश्वास ज्यादै कम रहेकाले भरपर्दो र सुरक्षित सेवाका बारेमा जानकारी दिने कार्यक्रम लैजाने तयारीमा रहेको प्रमुख भण्डारीले जानकारी दिए ।

यता गैरसरकारी स्वास्थ्य संस्था नेपाल परिवार नियोजन संघ पाल्पाले भने सडक नाटक, पर्चा पम्प्लेट, सडकमा होडिङ बोर्ड र रेडियोमा सन्देशमूलक रेडियो सामग्री तयार पारेर सुरक्षित गर्भपतन सेवाबारे नागरिकलाई जानकारी दिने गरेको शाखाका प्रबन्धक शोभाकान्त न्यौपानेले बताए । यसका अलावा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीका सहयोगी, भिजिटर, अभिमुखीकरण र तालिमको माध्यबाट सुरक्षित गर्भपतन सेवालाई लक्षित वर्गसम्म पुऱ्याउने प्रयास गरेको शाखा प्रमुख न्यौपानेको दाबी छ ।

यसैगरी जिल्ला स्वास्थ्य कार्यालय पालपाले पनि सेवाग्राहीमैत्री बनाउन सुरक्षित गर्भपतन सेवालाई प्रोत्साहान गर्ने खालको विषयवस्तु तयार नपारेको कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले बताए । कार्यालयका प्रायः सबै सूचनामूलक पर्चा, अडियो भिडियो सामग्री स्वास्थ्य विभागले तयार पारी केन्द्रले नै जिल्ला-जिल्लामा पठाउने गरेकाले आगामी दिनमा यो खालका सामग्री उत्पादन गरी पठाउन सुझाव स्वरुप विभागलाई पत्र लेखी पठाउने डा.गिरीले बताए ।

स्थानीय सरकार एउटा स्वयत्त निकाय भएका हिसाबले पनि सुरक्षित गर्भपतन सेवाको बारेमा आमनागरिकलाई सजिलै सूचना र सन्देश दिन सक्ने निकाय मानिन्छ । तर स्थानीय निकायले शिक्षा, सुशासन, पूर्वाधार र सामाजिक क्षेत्रमा विषयगतरुपमै सूचनामूलक सन्देश तयार पारेर मिडियालाई विज्ञापन स्वरुप उपलब्ध गराउने गरेता पनि सुरक्षित गर्भपतनको यति संवेदनशील विषयमा सन्देश र जानकारीमूलक कन्टेन्ट निर्माणमा लगानी गर्ने पक्षमा ज्ञान नभएको रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए ।

स्थानीय सरकार आफ्नो नीति र कार्यक्रम ल्याउने आन्तिम तयारीमा जुटेकाले सुरक्षित गर्भपतनलाई नागरिकको सहज पहुँचमा लैजानेखालको कार्यक्रम समावेश गरिने अध्यक्ष कार्कीले बताए ।

जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा पालिकाको स्वास्थ्य गतिविधि तय हुने भएकाले स्वास्थ्य कार्यालले सुरक्षित गर्भपतनका सवालमा परिपत्र नगरेका कारण पूर्वखोला गाउँपालिकाले यसबारे सामग्री तयार नपारेको स्वास्थ्य शाखा प्रमुख मोहन ढकालले बताए ।

सुरक्षित गर्भपतन सेवा दिने प्रक्रिया संवेदनशील, झन्झटिलो र लामो हुँदा सेवा प्रदायकले सेवाग्राही नै नआए हुन्थ्यो भन्ने हेतुले सेवाको पहुँच विस्तारमा आलटाल गरेको नागरिकहरु बताउँछन् । स्थानीय, प्रदेश र केन्द्र सरकारले नै सूचीकृत स्वास्थ्य संस्थाको सेवालाई व्यक्ति, परिवार, गाउँटोल, समाज र समुदायमा लैजान आवश्यक देखिन्छ । जति बढी सुरक्षित गर्भपतन सेवाको पहुँच र दायरमा वृद्धि हुन्छ त्यति नै सम्रग राष्ट्रको लागि राम्रो हुने भएकाले राज्यले प्रत्येक सूचीकृत स्वास्थ्य संस्थामा छुट्टै सूचना अधिकारी, प्रवक्ता वा फोकल पर्सन तोकिनुपर्ने स्वास्थ्यविद्हरु बताउँछन् । साथै सिधैं फोनमा जानकारी पाउन सकिने सुरक्षित गर्भपतन हेल्प डेस्कको स्थापन गरी २४ सैं घण्टा सेवा दिन सक्ने क्षमताको विकास गर्न आवश्यक देखिएको विज्ञहरु बताउँछन् ।

# अदालतको अपहेलना गर्दै निर्माण कार्य शुरु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ५ असार

जिल्ला अदालत रौतहटको आदेशको अपहेलना गर्दै मौलापुर नगरपालिका वडा नं ७ मा रहेको श्री प्राथमिक विद्यालय पथराबुधरामको कम्पाउण्ड वाल लगाउने तथा माटो पुर्ने काम भइरहेको छ ।

२०७९ चैत ९ गते जिल्ला अदालत रौतहटले विद्यालयको दुई कोठे दुई तल्ले भवन निर्माण कार्य रोक्न आदेश दिएको थियो । तर अदालतको अपहेलना गर्दै अहिले विद्यालयको कम्पाउण्ड वाल र माटो पुर्ने काम भइरहेको हो ।

जिल्ला अदालत रौतहटबाट प्राप्त पत्रअनुसार अबिलम्ब निर्माण कार्य रोक्न आदेश भएकाले निर्माण कम्पनी अनिल निर्माण सेवा तथा मौलापुर नगरपालिकालाई समेत विधालय व्यवस्थापन समितिको बैठक बसी जानकारी गराएको समितिका अध्यक्ष मनोज कुमार मुखियाले बताए ।

उक्त काम अदालतबाट रोक्का भएपनि अहिले आएर आदेश नमानी विद्यालयमा कम्पाउण्ड वाल, माटो पुर्ने काम भइरहेको मुखियाले बताए । वडा सदस्य दिलिप साह र कार्यपालिका सदस्य प्रतिमा साहका श्रीमान दिपेन्द्र साहले अदालतको आदेशलाई नमानी उक्त काम गराइरहेको उनको आरोप छ ।

यस विषयमा सो विद्यालयका प्रधानाध्यापक प्रेमशंकर साहसँग बुझ्दा विद्यालयमा कसले कहाँबाट रकम ल्याएर काम गरारहेका छन् त्यससम्बन्धी आफूलाई कुनै जानकारी नभएको बताए । काम रोक्क गर्ने अदालतको आदेशपछि विद्यालयले कुनै काम गराउन नसक्ने लिखितरुपमै नगरपालिकामा जानकारी गराइसकेको उनले बताए । श्री राम जानकी मठ गौरको नाम जग्गा रहेकाले मठका संरक्षक राममंगल यादवले अदालतमा रिट दायर गरेपछि काम रोकिएको प्रधानाध्यापक साहले बताए । वडा सदस्य दिलिप साहले सामूहिकरुपमा नै उक्त ठाउँमा काम गराइरहेको बताएका छन् । मौलापुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहसँग सो विषयमा बुझ्दा नगरपालिकाबाट उक्त काम नभएको दाबी गरे ।

# ग्यास विस्फोट हुँदा एक युवा घाइते

**रुपक खड्का/मध्यान्ह**
बझाङ, ५ असार

बझाङको मष्टा गाउँपालिका वड नं २ मेलखेतको एक कुखुरा फार्ममा ग्यास विस्फोट हुँदा एक जना घाइते भएका छन् । घाइते हुनेमा मष्टा गाउँपालिका मेलखेत घर भएका २७ वर्षीय युवा उद्यमी रतन द्वाल रहेको मष्टा प्रहरी चौकी भातेखोलाले जानकारी दिएको छ ।

सिलिण्डरको रेगुलेटरबाट ग्यास लिक भएर विस्फोट भएको हुन सक्ने प्रहरीको अनुमान छ । घाइते द्वालको अनुहार र शरीरका विभिन्न भागहरु जलेको प्रहरीले जनाएको छ । उनको अहिले जिल्ला अस्पताल बझाङमा उपचार भइरहेको प्रहरीले बताएको छ ।

# तीन कर्मचारी घुससहित पक्राउ

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाइ, झापामा कार्यरत आयोजना व्यवस्थापक (सीडीई) हुतराज चौहानसहित तीन जनालाई घुस रकमसहित पक्राउ गरेको छ ।

अख्तियार इटहरीबाट खटिएको टोलीले आयोजना व्यवस्थापक चौहानसहित इन्जिनियर रविन्द्र कुमार शर्मा र लेखापाल हिमाल पौडेललाई चार लाख रुपैयाँ घुस रकम र स्रोत नखुलेको २ लाख २२ हजार २ सय ८० रुपैयाँ गरी ६ लाख २२ हजार २ सय ८० रुपैयाँसहित पक्राउ गरेको हो।

उनीहरुले सडक निर्माण कार्यको अन्तिम बिल भुक्तानीका लागि सेवाग्राहीसँग घुस लिएको अख्तयारले दाबी गरेको छ । कार्यालय परिसरबाटै पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान भइरहेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

**भ्रष्टाचार मुद्दा दायर**

यसैबीच अख्तियारले घुस लिएको अभियोगमा सिरहाको इलाका प्रहरी कार्यालय मिर्चैयाको मुद्दा शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक सचिनकुमार भदैसवारविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगका प्रवक्ता भोला दाहालका अनुसार जाहेरी दर्ता गर्ने क्रममा भदैसवारले सेवाग्राहीसँग नौ हजार घुस लिँदै गरेको अवस्थामा आयोगको टोलीले केही दिनअघि उनलाई पक्राउ गरेको थियो । आरोपी प्रहरी सहायक निरीक्षक भदैसवारविरुद्ध बिगोबमोजिम कारबाहीको माग गर्दै मुद्दा दर्ता गरिएको आयोगले जनाएको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०३/०६**

**मर्चेनडाइज ट्रेडिङ्ग प्रा.लि.** को मिति २०८०/०२/२९ गते मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सि.एस.इ. इन्टरनेशनल प्रा.लि. (प्रा.लि. नं.: २९६४११)** कायम गर्ने गरी मिति २०८०/०२/३२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चोरमारा, नवलपरासी (ब.सु.पु.)**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०८०/०३/०६**

यस कार्यालयबाट मिति २०८०/०१/१९ (दोस्रो पटक) गते राष्ट्रिय दैनिकमा पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सुचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्यांकंन समितिले मूल्यांकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | बोलपत्र नं. र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | 17/MBMW/Works/2079/80 Construction Of All weather access road Madhyabindu-10, Charikun | Bhawani National Builders Pvt. Ltd., Bharatpur-10, Chitwan | 29842285.25 | |
| २. | 18/MBMW/Works/2079/80 Construction of Chaurangi lahasedhara jhankatta sadak at Madhyabindu -08 | Bhawani National Builders Pvt.Ltd., Bharatpur-10, Chitwan | 26889793.00 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय लेखनाथ, कास्कीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०३/०६ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय लेखनाथ, कास्कीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० असार १३ गते बुधबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय लेखनाथ, कास्कीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरणः**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७४/०३/१८ मा दर्ता नं. १७०४१५/७३/०७४ मा दर्ता भई आन्तरिक राजस्व कार्यालय पोखरा, कास्कीबाट मिति २०७४/०४/२३ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५९३१३९८ को प्रमाणपत्र प्राप्त कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.२७ मा रजिष्टर्ड कार्यालय रहेको **पि.एल. विल्डर्स प्रा.लि. ।**

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

१. चेत बहादुर कुमालको नाति, प्रेम बहादुर कुमालको छोरा, कास्की जिल्ला साबिक लेखनाथ न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. २७ बस्ने **प्रविण कुमाल** (ना.प्र.नं. ४६१००२/१०६, जारी मिति २०६३/१२/२५, जि.प्र.का. कास्की) ।
२. प्रेम बहादुर कुमालको बुहारी, प्रविण कुमालको पत्नी, कास्की जिल्ला, साबिक लेखनाथ न.पा. वडा नं. ०२ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा २७ बस्ने **अनिता कुमाल** (ना.प्र.नं. ४६-०१-६९-००५१२, जारी मिति २०६९/०१/२०, जि.प्र.का. कास्की) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **प्रविण कुमाल**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्घौ गा.वि.स/न.पा. वडा नं.२, स्थित कित्ता नं. ७६६२, क्षेत्रफल ०-३-१-२ (रोपनी)को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनि कुमारी बैक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **पि.एल. विल्डर्स प्रा.लि.** कायम भई बाग्मति यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. RSB1639, ई.नं. D7A16959, सवारी नं. बा २ क ९७१६, को Cat 320 D2 Excavator थान १ ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८० असार १२ गते** भित्र बैंकको शाखा कार्यालय लेखनाथ, कास्की स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लेखनाथ, कास्कीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८० असार १३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय लेखनाथ, कास्की स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लेखनाथ, कास्की स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० असार १३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लेखनाथ, कास्की फोन नं. ०६१-५६२०१४/०१५**





## सम्पादकीय

# निष्ठामाथि प्रश्न

सरकारले त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि आक्रमण गर्ने नेपाल विद्यार्थी संघका कार्यकर्ताको मुद्दा फिर्ता लिने निर्णय गरेपछि चर्को आलोचना भइरहेको छ । मन्त्रिपरिषद् बैठकले त्रिवि परिसरभित्रै उपप्रध्यापक चलाउनेमाथि आक्रमण गर्ने नेवि संघका कार्यकर्ताविरूद्ध चलाइएको मुद्दा फिर्ता लिने निर्णय गरेको छ । उक्त निर्णयले चलाउनेमाथि कुटपिटको आरोप लागेका नेवि संघ त्रिवि क्याम्पस इकाइका तत्कालीन सभापति हरिप्रसाद आचार्य, सचिव योगेन्द्र रावल सहित दीपकराज ओझा, रूपेश साह, रविन लामा, सुयज श्रेष्ठ, निरज रानामगर लगायतले उन्मुक्ति पाउने भएपछि विरोध भइरहेको हो । उनीहरूविरूद्ध २०७८ को पहिलो साता उपप्राध्यापक चलाउनेमाथि आक्रमणको आरोपमा मुद्दा अगाडि बढाइएको थियो । तर विश्वविद्यालयकै उपप्राध्यापकमाथि भएको आक्रामणको घटनाका आरोपितलाई समेत उन्मुक्ति दिने सरकारले निर्णय गर्‍यो ।

उक्त निर्णयविरूद्ध प्रदर्शनमा उत्रिनेलाई समेत प्रहरीले धरपकड गर्ने नीति लिएको छ । तर प्रदर्शन र विरोध रोकिएको छैन । सरकारको यस्तो निर्णय आउनु केही समय अगाडि मात्रै पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगका अध्यक्षमाथि नेवि संघकै कार्यकर्ता कालो मोसो दलेका थिए । आफ्नो माग पूरा नभएको भन्दै मोसो दल्ने कार्यको चर्को विरोध भइरहेकै छ । असन्तुष्टि जनाउने र अधिकारका निम्ति आवाज उठाउने अनेक विकल्प भएपनि मोसो दल्ने जस्तो दूर्व्यवहार सुहाउने कार्य थिएन । त्यस कार्यप्रति प्रतिपक्षी दल नेकपा एमालेले चर्को विरोध जनाएको थियो । दोषीमाथि कार्बाहीको माग राखेको थियो । नागरिक समाजले पनि उक्त कार्यको भर्त्सना गरेको थियो ।

तर सत्तारूढ दलकै कार्यकर्ताबाट भएको यस्तो कार्यलाई निरूत्साहित गरेको सन्देश दिनुपर्नेमा सरकारले उल्टै कुटपिटको आरोपितलाई नै उन्मुक्ति दिने विकल्प रोजेको छ । यसले नेपालको विश्वविद्यालयको शैक्षिक बातावरण र मर्यादामाथि गम्भीर प्रश्न त उठेको छ नै, अपराधिक कार्यलाई प्रोत्साहन गरिएको सन्देश पनि गएको छ । पक्कै पनि असन्तुष्टि, विद्रोह र अधिकारको आवाज विश्वविद्यालयकै परिसरमा देखिनु अन्यथा होइन । किनकि विश्वविद्यालय चेतनाको थलो हो । जागृत चेतनाले परम्परागत अवधारणा र अप्ठ्याराहरू परिवर्तनका निम्ति आवाज उठाउन सक्छन् । तर त्यसको प्रकृति फेरि पनि भद्र र लोकतान्त्रिक हुन आवश्यक छ । त्यस्तो बातावरण निर्माण गर्ने काम सरकारले नै हो । तर आफ्नो कार्यकर्ता जोगाउने मनसायको मात्रै उद्देश्य लिएर गरिने यस्तो निर्णयले समाजलाई द्वन्द्वहिनतातिर लैजाने खतरा धेरै हुन्छ । तसर्थ यसतर्फ सचेत हुन आवश्यक छ ।

# योग र ध्यान

सन्दर्भः योग दिवस



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

खप्तडको चर्चाले योग र ध्यानको थप आवश्यकता महसुस हुँदैछ । जुन २१ अन्तर्राष्ट्रिय योग दिवस पनि हो । योग र ध्यानले मान्छेलाई सदाचारी बनाउँछ । गर्मीमा हामी आत्तिन्छौं, जाडोमा त्यस्तै हुन्छ हामीलाई, मानव शरीरले सर्दी, गर्मीसँग लड्ने क्षमता योग र ध्यानबाटै प्राप्त गर्न सक्छ । ध्यानले त सिद्धि पनि प्राप्त हुन्छ । ध्यानले सत्व गुणको चिन्तन गराउँछ । ध्यानले शरीरलाई शुद्ध बनाउन प्रयास गर्छ । अनेकौं आशक्तिबाट छुट्कारा मिल्छ । ध्यानले दृष्टिकोणलाई फराकिलो बनाउँछ । ध्यान एक त्यस्तो अवस्था हो जसले ईश्वरसम्म सम्पर्क गर्न सहयोग गर्छ । योग साधनाका विभिन्न अवस्था र चरणहरु छन् । शारीरिक तन्दुरुस्ती र मानसिक आत्मबल योग अनि ध्यानबाटै प्राप्त हुन्छ । शरीरमा पुनर्ऊर्जा पनि योग तथा ध्यानबाटै मिल्छ ।

ध्यान गर्ने स्थान निश्चित हुन जरुरी छ । ध्यान विरोधी सरसामग्रीहरु जहाँ छन्, त्यहाँ ध्यान नगर्नु उत्तम हुन्छ । ध्यानमा एकाग्रता जरुरी छ । ध्यानमा रहँदा आफू निश्चल हुनुपर्छ । यन्त्र, उपकरण, साजसज्जा, ध्वनि, संगीत, सञ्चारका साधन ध्यान गर्दा साथमा नहुनु उत्तम हो । इन्द्रियका विषयवस्तुहरुलाई एकत्रित गरेर कुनै एक स्थानमा राखेर मनलाई एकाग्र गराई ईश्वरसँगको सम्पर्क नै ध्यान हो । ध्यानमा एकाग्र हुँदा कानमा कुनै शब्द नपरोस्, छालामा बाह्य विषय वस्तुको स्पर्श नहोस् । आँखामा अरु विषयवस्तुको रूपको दर्शन नहोस् । जिभ्रोले कुनै रसास्वादन गर्न नपाओस् । नाकले कुनै गन्धको पत्तो नपाओस् । पाँचै इन्द्रियहरुको कत्ति नियन्त्रण नहोस् । पाँचै इन्द्रिय आकर्षण नहोस् । इन्द्रियको स्वभाव मनमा स्थिर होस्, मन एकाग्रताले ध्यानमा केन्द्रित होस् । यसो गर्दा इन्द्रियसहित मन स्थिर हुन्छ, चित्त चञ्चल हुन्न । बादलमा चम्कने बिजुलीझैं बारम्बार विषयप्रति मन चम्कँदैन । जसरी वनस्पतिका पातमा परेका पानीको थोपा पातमा खेलिरहन्छ, ठीक त्यस्तै ध्यान मार्गमा केन्द्रित मन साधकको अन्तर हृदयमा खेलिरहन्छ, बाहिर भड्किँदैन । केही क्षण आफूलाई असजिलो महसुस भए पनि विस्तारै सहज हुन थाल्छ ।

शुरुमा केही असजिलो अनुभव भए पनि चिन्ता लिनु हुँदैन । शुरु शुरुमा योग तथा ध्यान गर्दा केही बाधाहरु पनि देखापर्न सक्छन् । मनमा क्लेश र शून्य हृदय, वितर्क पैदा हुनसक्छ तर, आत्मकल्याणको पूर्व आधार मानेर स्थित चित्त हुनुपर्छ । मन र इन्द्रिय ध्यानस्थ भएपछि आफूभित्र आफैंमा शान्ति मिल्छ । बजारमा किनमेलबाट प्राप्त नभएको सुख ध्यानबाट प्राप्त हुनथाल्छ । कुनै उद्यम, परिश्रम, कुनै लगानी बिना नै सुखानुभूति हुन थाल्छ । कसैप्रति द्वेष, छिद्रान्वेषण, याचना वृत्ति, परनिन्दा सबै हटेर जान्छ । आफूभित्र सबैथरी प्राप्त गर्ने स्वयम् ज्योति साथै रहेको अनुभूति हुन्छ । मूलतः क्रोधमाथि विजयी बनिन्छ । क्रोध, आवेग र तनावबाट पैदा हुने मनको जलन र शारीरिक रोगहरु विस्तारै हटेर जानेछन् । रक्तचाप जस्तो डरलाग्दो रोग र मधुमेह जस्तो रोगलाई योगमा बस्नेहरुले र नित्य व्यायाम गर्नेहरुले विजय प्राप्त गरेका छन् । आहार, बुद्धि, विचार शुद्धि निरन्तर शारीरिक व्यायाम एवम् समय मिलाई ध्यान र योगमा, रहँदा शरीरमा दुर्बलताहरु स्वतः हटेर जान्छन् ।

विषयबाट मनलाई हटाएर मुलाधार चक्रबाट कुम्डलिनी शक्ति उठाएर सर्वप्रथम प्राण, अपान, उदान, समान र व्यान पाँच वायूलाई हृदयमा स्थापित गर्नेको नाम योग हो । अनाहत चक्रमा पाँच वायुलाई स्थापित गर्दा अर्थात् मनलाई प्राण र अपान वायुका साथ प्रविष्ठ गर्दा नाकको अग्रभागमा दृष्टि पर्न जाँदा त्यो भागमा स्वरूप देख्दा दुवै आँखीभौंका बीच आज्ञाचक्रमा आफूलाई स्थापित गर्दा योगको प्रक्रियागत अवस्थामा पुगिन्छ । मनलाई जितिएको अवस्थामा एकाग्रता आरम्भ हुन्छ । अब प्राणवायुसहित मनलाई मूर्धा भनौं शिर भागमा स्थापित गरे पनि जीव समाधिमा स्थित हुन्छ । त्यतिबेला शरीर हल्लिने, डुल्ने कुनै हुँदैन । अब शरीर जडझैं चेष्ठाबिहीन अवस्थामा पुग्छ । समाधिस्थल यसरी अघि बढेका योगीजनहरु ब्रह्मरन्ध्रलाई भेदन गरी ज्योतिर्मय प्रकाश निकाली सिधा ब्रह्मको गन्तव्यतिर प्रस्थान गर्न सक्छन् । यो अवस्था साधारण गृहस्थीहरुका लागि नहुन सक्छ । दैनन्दिन कार्यकुशलता र शरीरको निरोगीपनको लागि, मनको स्वच्छताको लागि सामान्य योगाभ्यासबाट आफूलाई सरल र सहज बनाउन सकिन्छ ।

योगभाव पनि भक्तिभावझैं दुई प्रकारको हुन्छ । एउटा सकामभाव अर्को निस्कामभाव । कर्मकाण्ड प्रायः सकाम भावमा पर्दछन् । कर्मकाण्डमा कर्मको प्राधान्यता हुन्छ । प्रक्रियाको प्राधान्यता हुन्छ । भक्तिमा भावको प्राधान्यता रहन्छ । समर्पण भाव भक्तिको उत्कृष्ट उदाहरण हो । मन र कर्मबाटै संसारको आरम्भ भएकाले यी दुवै बन्धनका कारण नै हुन् तर, मन एवम् मनुष्याणां कारणं बन्धमोक्षयोः अर्थात् मनले बन्धनमा परिन्छ मनैले बन्धन तोड्न पनि सकिन्छ । मनले बन्धन तोड्ने भनेको निस्काम भावको भक्ति, समभावको भक्ति र योगको उच्चतम प्रयोग नै हो । मनबाट फलको इच्छा त्यागको नाम मोक्ष हो । जसलाई मोहको क्षय भनिन्छ । रात बितेर, अन्धकार हटेपछि स्वतः प्रकाश प्राप्त भएझैं मनको अज्ञानता हटेपछि स्वतः खाली ठाउँ भर्ने काम दिव्य ज्योतिबाटै हुन्छ । अन्धकारको आवरण हटाएपछि ज्योतिले प्रवेश पाउँछ 'तमसो माँ ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय' भनेको यही हो ।



*शुरु शुरुमा योग तथा ध्यान गर्दा केही बाधाहरु पनि देखापर्न सक्छन् । मनमा क्लेश र शून्य हृदय, वितर्क पैदा हुनसक्छ, तर आत्मकल्याणको पूर्व आधार मानेर चित्त स्थिर बनाउनुपर्छ । मन र इन्द्रिय ध्यानस्थ भएपछि आफूभित्र आफैंमा शान्ति मिल्छ । मूलतः क्रोधमाथि विजयी बनिन्छ । क्रोध, आवेग र तनावबाट पैदा हुने मनको जलन र शारीरिक रोगहरु विस्तारै हटेर जानेछन् ।*

